दैनिक **लुम्बिनी**
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३३१ | बुटवल | २०८२ मंसिर २५ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday December 11, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# सेजको भाडा घट्यो, एकद्वार प्रणालीमा प्रयासरत

## छैनन् दरबन्दीअनुसारको जनशक्ति, ६ महिनामा ४६ करोडको बिक्री



**मोहम्मद हबिब**
*भैरहवा*

मुलककै पहिलो निर्यातमुखी परियोजनाको रूपमा रहेको भैरहवास्थित विशेष आर्थिक क्षेत्र (सेजको भाडा घटे पनि एकद्वार प्रणलीको अपेक्षामा उद्योगीहरू रहेका छन् ।

सेजभित्र रहेका प्लटको भाडादर मन्त्रिपरिषद्को निर्णयले प्रतिवर्गमिटर २० रुपैयाँबाट घटाएर ५ रुपैयाँ गरेपछि यहाँस्थित उद्योगहरू उत्साहित भए पनि सेज सञ्चालन मापदण्ड तथा कार्यविधि २०७१ अनुसारको अन्य सुविधाहरू भन्सार, बैंक, बिमा, फरवार्डिङ, हुलाक, सूचना तथा प्रविधि, दुरसञ्चार, व्यवसाय प्रवर्धनलगायतका आवश्यक सुविधा परिसरमै एकद्वार प्रणालीबाट भए सहजता हुने बताएका छन् । लामो समयदेखि भाडादर, कडा कानुनी प्रावधान र आधारभूत सेवा अभावका कारण गुनासा बढ्दै गएको सेजमा अहिले सरकारी निर्णयपछि नयाँ ऊर्जा थपिएको छ ।

राज्य उद्योगमैत्री नहुँदा र कानुनी जटिलताले सेजभित्रभन्दा बाहिर उद्योग चलाउन सहज हुने बहस सर्वत्र चल्ने गरेको थियो । सरकारले अहिले ती समस्यालाई विस्तारै सहज गराउँदै भएको सेवालाई पनि थप सहज बनाउँदै जाने अवधारणा लिएको छ । भैरहवास्थित विशेष आर्थिक क्षेत्र (सेज)मा ५२ बिगाहा क्षेत्रफमा ६८ वटा प्लट रहेकोमा अहिले ५२ प्लटमा उद्योग सञ्चालनमा छन् भने बाँकी १६ प्लट पनि उद्योग निर्माणका क्रममा रहेको भैरहवा सेज कार्यालयका प्रमुख सहायक निर्देशक इञ्जिनियर सबुत डुम्रेले जानकारी दिए ।

सुरुवातमा प्रतिवर्गमिटर १५० रुपैयाँ तोकिएको भाडादर अहिले ५ रुपैयाँ कायम भएको छ, यस्तै २४ घण्टा आन्तरिक सुरक्षाको व्यवस्था भएको छ, अहिले ११ केभिएको विद्युत् प्रसारणलाई सवस्टेशन निर्माण गरी ३३ केभीएमा लगिएको र छिट्टै सञ्चालनको तरखरमा रहेको इञ्जिनियर डुम्रेले बताए । यस्तै पेट्रोल पम्प, धर्मकाटा र वाटर फाउन्टेनको निर्माण भए पनि प्रयोग हुने गरी काम अघि बढाइएको छ ।

सुरुमा ७५ प्रतिशत निर्यात गर्नुपर्ने व्यवस्था अहिले ३० प्रतिशत कायम गरिएको छ । यस्तै २०८१ बैशाख १६ मा जारी अध्यादेशमार्फत् संशोधन गर्दै उत्पादन सुरु भएको ३ वर्षसम्म निर्यात नगरे पनि हुने, चार वर्षसम्म १५ प्रतिशत मात्र निर्यात अनिवार्य गरिएको छ । पहिले १ वर्षमै आन्तरिक बजारमा बेच्न दिने सीमालाई तीन वर्ष पुऱ्याइएको छ भने ५ वर्षपछि ३० प्रतिशत निर्यात गर्नुपर्ने प्रावधान छ । यसले सुरुका वर्षहरूमा उद्योगलाई बजार विस्तार र उत्पादन स्थिरतामा आवश्यक समय प्रदान गरेको छ । उद्योग स्थानान्तरणसम्बन्धी नियम पनि परिवर्तन गरिएको छ । पहिले सेज बाहिर सञ्चालित उद्योगलाई भित्र सार्न नपाइने व्यवस्था रहँदै आएको थियो । हाल यो प्रावधान हटाइएपछि बाहिरबाट सेजमै उद्योग सारेर सञ्चालन गर्न बाटो पनि खोलेको छ ।

कार्यालयका अनुसार सेजमा अव्यवस्थित उद्योगका लागि ५ वर्षसम्म शत प्रतिशत आयकर छुट, उद्योग सञ्चालन भएसम्म ५० प्रतिशत मात्रै आयकर, कच्चापदार्थमा भन्सार छुट, निर्यात सरहको सुविधालगायतको व्यवस्था छ ।

उद्योगमा हाल ७ वटा उद्योगले उत्पादन गर्दै आएका छन् । शक्ति मिनरल्स, तिरूपति मेटल, हिमालय ग्रनाइट, ईको नेपाल इनर्जी, सिपी मेटल, स्वस्तिक उद्योगलगायतका कम्पनीहरू सञ्चालनमा छन् । यता सुपर इलेक्ट्रिक, इमिटेशन मेटल, डाटा वर्ल्ड, डीआइएल ग्लोबल, ओबिटी नेपाल, गार्मेन्ट गियरलगायतका उद्योगहरू निर्माणधीन अवस्थामा छन् । निर्माणकै क्रममा रहेका उद्योगले पनि जनशक्ति व्यवस्थापनका लागि स्थानीयलाई प्रशिक्षण दिनका लागि भारत लगेका छन् ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले निजी क्षेत्रले बढी भयो भन्दै आवाज निरन्तर उठाउँदै आएकोमा सरकारले भाडा घटाउने निर्णय गर्नु स्वागतयोग्य रहेको बताउँदै सेजभित्रका अन्य आधारभूत सुविधा एकद्वार प्रणलीबाट यथासक्य चाँडो दिनु पर्ने बताए । सेजको साधारणा राम्रो भए पनि सेजमा दिनुपर्ने विद्युत पूर्वाधारलगायतका सुविधा अझै छैन प्रशासनिक कामका अलावा अन्य सेवा सुविधाहरू पनि पूर्णरूपले दिएको छैन, त्यसलाई सरकारले व्यवस्थापन गरे सेजको उद्देश्य पूरा हुने उनले बताए । उद्योगीहरू उत्साहजनक भएर उद्योग सञ्चालन गर्ने वातावरण सरकारले बनाए यसले समग्र अर्थतन्त्रमा टेवा पुग्ने अध्यक्ष आचार्यले बताए ।

**छैनन् दरबन्दीअनुसारको जनशक्ति**

सेजमा प्रशासनिक र अन्य कामका लागि २१ जनाको दरबन्दी रहे पनि हाल ११ जना मात्रै रहेका छन् । आठौ तहको प्रशासकीय प्रमुख हुने व्यवस्था रहेता पनि हालसम्म जनशक्ति दिएको छैन । हाल सातौ तहको मेकानिकल इञ्जिनयरको नेतृत्वमा कार्यालय सञ्चालन छ । यस्तै कार्यालयमा २ जना कम्प्युटर अपरेटर, १ जना इलेक्ट्रिशियन, २ जना सुपरभाइजर, ४ जना कार्यालय सहायक र १ जना सब इञ्जिनियर मात्रै रहेका छन् ।

दरबन्दीअनुसारको मध्ये व्यवस्थापन प्रमुख, केमिकल इञ्जिनियर, इञ्जिनियर, सुरक्षा अधिकारी, प्रशासकीय अधिकृत, लेखा अधिकृत, सूचना प्रविधि वरिष्ठ सहायक, वरिष्ठ सहायक, प्लम्बर, सवारी चालकलगायतको जनशक्ति अझै व्यवस्थापन हुन सकेको छैन ।

» *बाँकी ३ पेजमा*

## फाइनल प्रवेशका लागि विराटनगर र लुम्बिनी भिड्ने



बुटवल । सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो क्वालिफायरमा लुम्बिनी लायन्स र विराटनगर किंग्स भिड्ने भएका छन् । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुने दोस्रो क्वालिफायर खेल बिहीबार अपराह्न ४ बजे सुरु हुनेछ । पहिलो क्वालिफायरमा सुदूरपश्चिम रोयल्ससँग ७७ रनले पराजित भएपछि विराटनगरले दोस्रो क्वालिफायर खेल्न लागेको हो ।

लिग चरणको अन्तिम खेलमा सुदूरपश्चिमलाई पराजित गर्दै विराटनगरले पहिलो क्वालिफायरको यात्रा तय गरेको थियो । तर पहिलो क्वालिफायरमा सुदूरपश्चिमसँग पराजित भएपछि विराटनगरले फाइनलमा पुग्न दोस्रो मौका पाएको हो ।

एनपीएलमा उपाधि दाबेदार टोलीको रुपमा हेरिएको विराटनगर बिहीबार हुने दोस्रो क्वालिफायरमा लुम्बिनीलाई हराउँदै फाइनल पुग्ने लक्ष्यमा छ । लुम्बिनीविरुद्ध मैदानमा उत्रिँदा विराटनगर अघिल्लो खेलमा गरेका गल्ती दोहोऱ्याउने पक्षमा छैन । लिग चरणको अन्तिम खेलमा सुदूरपश्चिमविरुद्ध गरेको प्रदर्शनलाई विराटनगरले दोहोऱ्याउने हो भने लुम्बिनीलाई फाइनल यात्रा तय गर्न कठिन हुनेछ । पछिल्लो समय लयमा देखिएको लुम्बिनीले एलिमिनेटर खेलमा काठमाडौं गोर्खाजलाई चार विकेटले हराउँदै दोस्रो क्वालिफायरमा स्थान पक्का गरेको थियो ।

गत सिजन अंक तालिकाको पुछारमा रहेर एनपीएल यात्रा सकाएको लुम्बिनी यो सिजन लयमा फर्किएको छ । पहिलो खेलमा जित निकालेको लुम्बिनीले त्यसपछिका तीन खेलमा लगातार हार ब्यहोरोको थियो । तर, त्यसपछिका चार खेलमा लगातार जित निकालेको लुम्बिनी यही लयलाई कायम राख्ने योजनामा हुनेछ ।

दोस्रो क्वालिफायरमा लुम्बिनीलाई एलिमिनेटर खेलको जस्तो प्रदर्शनले पुग्ने छैन । बलियो विराटनगरविरुद्ध मैदान उत्रिँदा लुम्बिनी अझ बलियो भएर मैदान उत्रन जरुरी छ ।

## कांग्रेस सभापतिमा उम्मेदवारी दिने चन्द्र भण्डारीको घोषणा



बुटवल । नेपाली कांग्रेसका नेता चन्द्र भण्डारीले पार्टीको १५औं महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् ।

उनले बुधबार सामाजिक सञ्जाल फेसबुकमार्फत् पार्टी सभापतिका लागि उम्मेदवारी दिने घोषणा गरेका हुन् ।

'साथीहरूको जिज्ञाषा मेरो धारणा । नेपाली कांग्रेसको १५औं महाधिवेशनमा सभापति पदप्रति मेरो आकांक्षा स्पष्ट छ, दृष्टिकोण पनि उति नै निर्धारित ।'- नेता भण्डारीले लेखेका छन् । देश जनता, प्रजातन्त्रको हित र संगठनको आवश्यकताअनुसार आफू अघि बढ्न तयार रहेको उनको भनाइ छ । नेता भण्डारीले साथीहरूको सुझाव, समयको माग र राजनीतिक बजारलाई सम्मान गर्दै कदम चाल्नु पर्ने पनि उल्लेख गरेका छन् । 'देश, जनता, प्रजातन्त्रको हित र संगठनको आवश्यकता जहाँ उभिन्छ, त्यहीअनुसार शून्यदेखि सयसम्म जसरी आवश्यक पर्छ, त्यस्तै रूपले अघि बढ्न तयार छु,' उनले लेखेका छन्-'साथीहरूको सुझाव, समयको माग र राजनीतिक बजारलाई सम्मान गर्दै कदम चाल्न पर्दछ ।' १४औं महाधिवेशनमा भण्डारी कांग्रेसमा इतर समूहको नेतृत्व गर्दै आएका नेता भण्डारी डा. शेखर कोइरालाको समूहबाट उपसभापतिका उम्मेदवार थिए । उपसभापतिको दौडमा १ हजार ५८० मत पाएर भण्डारी चौथो भएका थिए ।

## बहुविवाह मुद्दामा डीएसपी नेपाल पक्राउ



बुटवल । बहुविवाह मुद्दामा प्रहरी नायव उपरीक्षक मधु नेपाल पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीले नेपाललाई पक्राउ गरेको हो । उनी जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वमा कार्यरत थिए । डीएसपी नेपालकी श्रीमतीको उजुरीको आधारमा अदालतबाट पक्राउ पुर्जी लिई नेपाललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी प्रमुख एसपी प्रदीपबहादुर क्षेत्रीले बताए । 'बहुविवाहको केस परेपछि उहाँ आफैँ हिजो साँझ आउनुभएको थियो, उहाँलाई पक्राउ गरेर म्याद थप गरिएको छ ।'- एसपी क्षेत्रीले भने ।

नेपालमाथि ३ दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको उनले बताए । बहुविवाहबारे थप प्रमाण बुझ्ने काम भइरहेको उनले बताए ।

नेपालकी दोस्रो श्रीमतीको खोजी भइरहेको एसपी क्षेत्रीले जानकारी दिए । प्रहरी निरीक्षक हुँदा डीएसपी नेपाल बुटवलको वडा प्रहरी कार्यलयमा इञ्चार्ज थिए ।

उनी गाँजाको कारोबारसम्बन्धी आर्थिक कारोबारमा संलग्न रहेको पाइएपछि विभागीय कारबाहीमा परेका थिए ।

## काममा फर्किए कर्मचारी आन्दोलन फिर्ता



भैरहवा । भन्सार विभाग र भन्सार एजेन्ट महासंघबिचको सहमतिसँगै पेनडाउन गरेका कर्मचारीहरु काममा फर्केका छन् । आन्दोलन फिर्ता भएपछि भन्सारमा जाचपासको काम सुचारु भएको छ ।

भन्सार ऐन २०८२ को केही बुँदामा आपत्ति जनाउँदै आएका कर्मचारीले आइतबारदेखि काम बन्द गरी पेनडाउन गरेका थिए । केही प्रावधानले एजेण्टको पेशागत हकहित, काम गर्ने सहजता तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा असर पर्ने भन्दै आन्दोलनमा उत्रिएका भन्सार एजेण्टहरु माग सम्बोधन हुने भएपछि आन्दोलन रोकी काममा फर्केका हुन् । भन्सार एजेण्टहरु काममा फर्किएपछि भैरहवा भन्सारलगायतका देशभरिका कार्यालयबाट जाँचपासको काम सुरु भएको भैरहवा भन्सार कार्यालयका सूचना अधिकारी तथा भन्सार अधिकृत उद्धव ढुंगानाले जानकारी दिए ।

भन्सार ऐनमा आएका कतिपय प्रावधानहरुप्रति असहमति जनाउँदै त्यसलाई सच्याउनुपर्ने र नियमावली संशोधन गर्नुपर्ने माग राख्दै विगत ३ दिनदेखि पेनडाउन गरिएको नेपाल भन्सार एजेण्ट संघ सिद्धार्थनगर, रुपन्देहीका अध्यक्ष मधुप्रसाद पन्थीले बताए ।

अध्यक्ष पन्थीका अनुसार भन्सार कार्यालयमा ढिलासुस्तीमा सुधार गर्नुपर्ने लगायतका विभिन्न माग राख्दै यसअघि भन्सार एजेण्ट महासंघ नेपालमार्फत् भन्सार विभागमा ज्ञापनपत्र बुझाएको थियो । 'चोरी पैठारी' भन्सार कार्यालयमा हुने ढिलासुस्तीलगायतका विषयमा सुधार गर्नुपर्छ भन्ने १० सुत्रीय माग राखेर भैरहवा भन्सार कार्यालयका प्रमुखलाई ज्ञापनपत्र बुझाएको उनले बताए ।

भन्सार विभाग र कार्यालयबाट सुधारको प्रतिबद्धता आएपछि आन्दोलनका कार्यक्रम फिर्ता लिएको उनले जनाए । प्रतिबद्धताअनुसार नभए भन्सार विभाग अगाडि नबढे पुनः आफूहरुले आन्दोलनमा चर्काउने उनले चेतावनी दिए ।

भन्सार एजेण्टहरुको आन्दोलनका कारण भैरहवा भन्सार कार्यालयसहित देशभरका सबै भन्सार कार्यालयमा भन्सार जाँचपासका सम्पूर्ण काम ठप्प भएको थियो । जसले दैनिक करोडौ राजस्व संकलन रोकिएको थियो । विभागले दिएको लक्ष्य पार गर्न नसकेको भन्सारले यस्तो आन्दोलनले थप चुनौती थपेको छ ।

रूपन्देही उद्योग संघका सदस्य उद्योगीज्यूहरुलाई
सादर-निमन्त्रणा
१६औं
रुपन्देही उद्योग संघको आयोजनामा
१६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि प्रविधि तथा पर्यटन महोत्सव-२०८२
आगामी पौष ३ गतेदेखि १७ गतेसम्म बुटवल मण्डपमा संचालन हुन गईरहेको सहर्ष जानकारी गाराउदछौं । सदस्य उद्योगीज्यूहरुलाइ प्रदर्शनीको निमन्त्रणा पत्र पठाई सकिएको र कुनै कारण बस नपुगेको भए यसै सुचनालाई आधिकारिक मानिदिनुहुन अनुरोध गर्दछौं ।
नोटः प्रदर्शनी स्थल प्रवेशको लागी संघको सदस्यता परिचयपत्रलाई आधिकारिक प्रवेशपत्र मानिएको छ। यदी सदस्यता कार्ड नबनेको भएमा प्रदर्शनी सचिवालयमा सम्पर्क गरी यथाशिघ्र बनाउनु हुन सादर अनुरोध गर्दछौं ।
सुमन बस्याल
महासचिव
रूपन्देही उद्योग संघ
सम्पर्क नं ०७१-५३००४६, ५३६०४५

## सम्पादकीय

# स्वास्थ्य क्षेत्रमा आएको परिवर्तन

लुम्बिनी प्रदेशमा संघीय शासन प्रणाली स्थापनापछि स्वास्थ्य क्षेत्रमा धेरै सुधार आएको छ । पूर्वाधार विकास र सेवा प्रवाहमा आएको सुधारले नागरिकले राज्यप्रति अपनत्वबोध गर्ने वातावरण बनेको छ ।

अस्पतालदेखि स्वास्थ्य चौकीसम्म पर्याप्त उपकरणको अभाव, पूर्वाधारको समस्या र दक्ष जनशक्ति सकेसम्म बस्नै नखोज्ने प्रवृत्तिको अन्त्य भएको छ । स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन प्रदेश सरकारले अघि बढाएको नीति र कार्यक्रमको परिणाम नै अहिलेको परिवर्तन सम्भव भएको हो। गरिब र विपन्नको लागि सहज उपचार पाउन कठिन भइरहेको बेला सरकारी अस्पतालको व्यापक सुधारले अहिले सबै नागरिकले उपचार पाउन सक्ने वातावरण तयार भएको छ। प्रादेशिक र जिल्ला अस्पतालमा पूर्वाधार राम्रो बन्दै गएको छ। पहिले झैं जनशक्ति बस्नै नखोज्ने र पायक पर्ने ठाउँमा काज मिलाएर बस्ने प्रवृत्तिको अन्त्य भएको छ। आवश्यकताअनुसार उपकरणको व्यवस्था छ। सुविधा सम्पन्न प्रयोगशालाका लागि काठमाडौं पुग्नुपर्ने अवस्थाको अन्त्य भएको छ। बुटवलमा सुविधा सम्पन्न प्रयोगशाला स्थापना भएपछि बिरामीले छिटोछरितो सेवा पाएका छन् । यो प्रयोगशालाको स्थापना भएपछि जाँचका लागि काठमाडौं पठाउनुपर्ने बाध्यता हटेको छ। जिल्ला अस्पतालमा गाडी, शव राख्ने मर्चरी फ्रिज, भिडियो एक्स-रे र प्रयोगशाला व्यवस्था छ। अहिले रोल्पा, गुल्मीलगायत पहाडी जिल्लाका जिल्ला अस्पतालले सामान्य शल्यक्रियाका लागि रिफर गर्नुपर्ने अवस्थाको अन्त्य भएको छ। अहिले जिल्ला अस्पताल रिफर सेन्टर होइन, उपचार केन्द्रको रुपमा पहिचान बनाएका छन् । सीमावर्ती बर्दिया, परासीको पृथ्वीचन्द्र र भैरहवाको भीम अस्पतालमा सीमावर्ती भारतीय गाउँबाट बिरामीको लर्को लाग्नुले हाम्रा अस्पताल सुधारको एउटा सूचक हो । संविधानले स्वास्थ्यलाई मौलिक हक मानेको छ । नागरिकको स्वास्थ्य पहुँचमा भएको विस्तारले आगामी दिनमा यसको बहुआयामिक प्रभाव पर्ने छ। स्वास्थ्य क्षेत्रमा भएको यो सुधार मुलुकमा संघीय शासन प्रणाली स्थापना पछि मात्रै सम्भव भएको हो ।

प्रदेश सरकारले लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पताललाई विशिष्टीकृत अस्पतालको रुपमा विकास गर्ने योजनालाई कार्यान्वयन अघि बढाएको छ। राप्ती अस्पतालको पूर्वाधार विकासमा ११ करोड रुपैयाँ लगानी भएको छ । यो अस्पतालमा ६ सय शैया स्तरोन्नति गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ । लुम्बिनी प्रादेशिक अस्पतालमा १ हजार २ सय शैयामा स्तरोन्नति गर्ने गरी ६ अर्ब १८ करोड ७५ लाखमा ठेक्का सम्झौता भई भवन निर्माणको काम तीब्र ढंगले अघि बढेको छ । काठमाडौं बाहिर अस्पतालको यति ठूलो संरचना बन्न लागेको पहिलो हो । अब गुणस्तरीय कामका लागि निगरानी बढाउन आवश्यक छ ।

अहिले भइरहेका काम पर्याप्त छैनन्, अझै कामको गति बढाउन आवश्यक छ। विनियोजन भएको बजेटलाई सही ढंगले खर्च गर्न सक्दा नतिजा निकाल्न सकिन्छ भन्ने तथ्यलाई स्थापित गर्न सक्दा विकासले गति लिन्छ ।

# वामपन्थी कि दामपन्थी ?



एच.के. श्रेष्ठ

अधिभूतवादी चिन्तनको ढंगले पुँजीवादको दलदलमा फसेका कम्युनिष्टहरु वामपन्थी कि दामपन्थी ? राजनीतिलाई नै सिंगो औद्योगिकरण गरी व्यापारको रुपमा ढालेर कमाउने धन्दा गर्ने नामधारी कमरेडहरु वामपन्थी कि दामपन्थी हुन् ? रातारात दल त्याग्ने र बदल्ने गेरर चरम स्वार्थको थाल थाप्दै हिड्नेहरु, डुल्नेहरु वामपन्थी कि दामपन्थी कि खामपन्थी कि हाम्मपन्थी ? लोकतन्त्रको भ्रम यही हो !

**पृष्ठभूमिः**

सर्वप्रथम सन् १७८९ मा फ्रान्समा भएको क्रान्तिले राजा लुइ १६ औंको शासनकालसहित राजतन्त्र खतम गरेर गणतन्त्र स्थापित गऱ्यो । तत्काल नव संविधान बनाउने क्रममा सभा बोलाइयो । त्यस क्रममा राजाको पक्षधर, परम्परावादी, यथास्थितिवादी र धनी वर्गका प्रतिनिधिहरु सभाध्यक्षको दांयां बसे । ठिक विपरीत परिवर्तनकारी, प्रगतिशिल, गणतन्त्रवादी र किसान मजदुर गरिब वर्गहरु अध्यक्षको बायाँ/देब्रे बसे । त्यस सभाको अध्यक्षको बायाँ बस्नेलाई वामपन्थि र दायाँ बस्नेलाई दक्षीणपन्थि भनिने प्रचलन सुरु भयो ।

यसको अझ व्यापक रुपमा यूरोपका बेलायती राजनीतिक इतिहासबाट वामपन्थी शब्दावली प्रयोग हुँदै आयो । खास गरी इतिहासको कुनै बेला बेलायती संसदमा सत्ता पक्षधरहरु दायाँ र सत्ता विपक्षीहरु बायाँ बस्ने गर्दथे । त्यसबेलादेखि सत्ता वा सरकार विरोधी कुनै पनि राजनीतिक घटकहरु बायाँ (देब्रे) साइडमा बस्ने गरेकै कारण वामपन्थी भएको हो । यसको सुरुका अवधिहरुमा वामपन्थीका मतलब कम्युनिष्ट नै भन्ने थिएन । तर समयको काल खण्डहरुमा विशेष गरी सरकारमा जाने र सत्ता चलाउने भनेको बुर्जुवा अर्थात् पुँजीवादीहरु नै भए र कम्युनिष्टहरु जहिले पनि सत्ता बाहिर नै रहने परिस्थिति थियो ।

**अर्थमा शब्दान्तर अर्थात् वर्णनात्मक अर्थः**

राजनीतिक अभ्यासको कालान्तरमा वामपन्थी शब्दको अर्थमा शब्दान्तर भएर अर्थ स्थापना भयो कि वामपन्थी भनेको कम्युनिष्ट हुन् । यसरी पछिका दिनहरुमा कम्युनिष्ट नै वामपन्थी र वामपन्थी नै कम्युनिष्टको अवधारणमा विकास भयो । जो फरक हुन् । विश्वभरी नै यो मान्यता स्थापना भइसकेको परिप्रेक्षमा पन्थको अर्थ हुन्छ 'बाटो' । अब बायाँ वा देब्रे बाटो लिएकाहरु राजनैतिक आदर्शमा कम्युनिष्ट मानिएको छ । अब वामपन्थी र कम्युनिष्ट पर्यायवाची बनिसकेको छ ।

**कम्युनिष्ट के हो :**

कम्युनिष्ट त्यो हो - जसले कम्युन् वा समानताको राजनीतिलाई आत्मसाथ गर्छ । यो नौलो जनवाद र समाजवादसँग जोडिन्छ । यो पन्थीहरुको अन्तिम टुङ्गो वा गन्तव्य भनेको समाजवाद नै हो । वामपन्थी राजनीतिक सामन्यतया गरिब वर्गसँग अर्थात् सर्वहारा वर्गसँग गाँसिएको हुन्छ । सामान्यतया अन्य राजनीतिक पन्थीहरुभन्दा वामपन्थी वढी जनमुखी, जनहितकारी, जनभावी र जनमुक्तिकामी मानिन्छ । वामपन्थीको बाटो संघर्षशील, कठिन, चुनौतीपूर्ण तर महान् सम्भावनाको ठानिन्छ । अदम्य सहास, धैर्यता, त्याग, निस्वार्थता र बलिदान यो पन्थका अपरिहार्य सर्त हो । त्यति मात्रै होइन कम्युनिष्ट वा वामपन्थी भनेको समाजमा छुट्टै पहिचानको वर्गीय माया, राष्ट्रवाद र स्वतन्त्रताको भावले ओतप्रोत भएको राजनीतिक प्राणी हो । वामपन्थी व्यक्ति वाद होइन । व्यक्तिगत चिन्ता, धनदौलत, पुँजी, सुख सुविधा, घर घरेडी, भौतिक सुविधा, ऐस आराम, घुसखोरी, भ्रष्टाचार, शोषण दमन, लोभ, पाप और न्यून पुँजीवादी इत्यादिको चिन्ताबाट मुक्त भएको हुनुपर्छ । वामपन्थीले द्वन्द्ववादको नियमअनुसार निर्माण र ध्वंस वा जन्म र मृत्युको अनिवार्यलाई राम्ररी बुझेर व्यहार गरेको हुनुपर्ने मानिन्छ । 'मै खाउँ मै लाउँ सुख सयल मै गरुँ' को नियतलाई त्यागेर अरुको सुखलाई आफ्नो सुख र अरुको दुःखलाई आफ्नै दुःख मान्नु पर्ने हुन्छ । कुनै काम गर्दा पुँजीवादी सपनालाई पन्छाएर समाज, देश र जनताको चिन्तनले गर्नुपर्ने हो ।

वामपन्थीले शोषणरहित समाजको परिकल्पनामा जायज, न्यायिक र सत्यको पक्षमा दृढ संकल्पका साथ कसम खाएर अघि बढ्नु पर्ने हो । सबै मानवजातिलाई एउटै जात र सबैको समान हकअधिकार सम्झेर सबैको सम्मान गर्ने हो । वामपन्थीको अग्नि परीक्षा त्यहाँ हुन्छ । जहाँ जो आफू मरेर अरुलाई बचाउन सकोस् । वामपन्थी एक कमरेडली नाता हो जो प्रगाढ र असाध्यै नजिक हुन्छ । अन्तिमसम्म पनि साथ दिन तयार हुनु नै कमरेडको अर्थ हुन्छ । वामपन्थीले त आफ्नो बेवास्ता गरेर पनि दुनियाँ र देशको वास्ता गर्नुपर्छ । शोषितको खातिर शोषकविरुद्ध लड्नु पीडकको खातिर पीडकविरुद्ध जाइलाग्नु, दमनकारीको विरुद्ध दमितको निम्ति लड्नु, अन्यायी र अत्याचारीविरुद्ध संगठित हुनु र न्याय दिलाउनु, हुनेखानेको विरुद्ध गरिबहरुलाई गोलबन्द गरेर अगाडि बढ्नु शासितको मुक्तिको खारित शासकविरुद्ध धावा बोल्न तयार हुनु अझ वामपन्थीको अरु अनिवार्यता रहन्छ । नेपालमा केही हदसम्म यो पाइएता पनि लोकतन्त्रभित्र वामपन्थीको चरित्र अझ सफा हुन सकेको छैन । वामपन्थी अझ बुर्जुवा अवधारणाबाट ठ्याक्कै टाढा रहेर पद, पैसा, शक्ति र शासन त्याग गरी महानता प्रदर्शन गर्न सक्ने सार्थकताको हुनु पर्दछ । यसो हुन नसके वा यी सम्पूर्ण विशेषताहरु धान्न नसके ती वामपन्थी हुन सक्दैनन् बरु दामपन्थी हुन् । अहिले यहि प्रवृत्ति फस्टाइरहेको छ ।

**दामपन्थी पन्थ :**

हाम्रो देशको वामपन्थी यी पक्षहरुमा सुध्रन सकेका छैनन्, उखान जस्तो मात्र भएको छ । नेपालमा वामपन्थी नाम गरेको दर्जनौ दलहरु छन् । ती सबैले आ-आफूलाई खाँटी कम्युनिष्ट र अझ क्रान्तिकारी दाबी गर्छन् । मुखले र शब्द जालले वामपन्थी हुन् र क्रान्तिकारी बन्न कोही कम छैनन्, तर व्यवहारत ती दल अर्थात् दलका कार्यकर्ताहरु सबै दामपन्थी भइसकेका छन् । दामपन्थीले लिने बाटो भनेको सुखवादी बाटो हो । यसलाई अंग्रेजीमा 'हिड्निजम्' भनिन्छ।

'सुखवाद' पुँजीवादकै ढर्रा हो । पुँजीवादीले धन सम्पत्ति जसरी भए पनि आर्जन गर्न लगाउँछ । यो भौतिक सुख सुविधासँग गासिएर आउँछ। यो व्यक्तिवाद हो जसको वरिपरि व्यक्तिगत, चिन्तन, परिवार, नातागोता घुम्छ र मेरो र तेरोको भावना उर्लन्छ । दामपन्थीहरु जसरी पनि दाम आउने पन्थ वा बाटोमै तल्लिन भई लागिरहेका हुन्छन् । दामपन्थीलाई बुर्जुवा इज्जत, सम्मान, पद, पैसा, शक्ति र शासन अत्यन्त अपरिहार्य भएर आउँछ । अनि यसको लागि जे पनि गर्न पऱ्यो, जसो पनि गर्नु पऱ्यो । दाम वा पैसा त त्यसै आउँदैन । सोझो, सिधा बाटोबाट र आफ्नो इमान्दार मेहनतबाट मात्रै त अकूत धन आर्जन गर्ने सम्भव नै हुँदैन । यसको लागि चाकरी, चाप्लुसी, भ्रष्टाचार, शोषण, दमन, अन्याय, अत्याचार, जे जे आइलाग्छ त्यो सबै गर्नुपर्ने हुन्छ । वामपन्थीको नाममा लाल झण्डा र कम्युनिष्ट पार्टीको साईनबोर्ड झुण्ड्याएर दाम कमाउने कार्य र गतिविधिमा लागिपरेका छन् । चाहे एमाले रुपी, माले रुपी, किसान मजदुर दल रुपी, मार्क्सवादी रुपी, राजमो रुपी, चाहे माओवादी रुपी, नेपाली कम्युनिष्ट पार्टी रुपी इत्यादि जे सुकै वामपन्थी होस् सबै पदको लागि, पैसाको लागि शक्तिको लागि शासनको लागि जे पनि गरिरहेका छन् । अनेक काण्डै काण्डमा मुछिएका र जेल नै परेकाहरु दर्जनौ यसको पुष्टी हो । दामपन्थीमा परिणत भएकै कारण आफ्नो पारिवारिक सुख सुविधाको चिन्ता, घर घडेरी, जग्गा जमिनको चिन्ता, आफ्नो छोराछोरीलाई मात्रै शिक्षादिक्षा, स्वास्थ्यको चिन्ता गरिरहेका छन् । अहिलेको चरण भनेको पुँजीवादकै विकासबाट जनवादतर्फ लाग्ने चरण हो भन्दै भट्टाभट धन कमाउन व्यस्त छन् । साइनबोर्ड वामपन्थी रुपी दामपन्थीहरु । व्यापार गरेका छन्, ठेक्कापट्टा गरेका छन्, उद्योग खोलेका छन्, स्कूल कलेज चलाएका छन् जहाँ अधिकतम् र अतिरिक्त शोषण गरेकाछन् । पैसाको लागि पुँजीवादी र बुर्जुवा त बुर्जुवा भइहाले तर उनीभन्दा कम छैनन्, वामपन्थीहरु । दाम कमाउने तौर तरिका धेरै छ, वामपन्थीहरुसँग कैयौं वामपन्थी जग्गा दलाल गरिरहेका छन् । कैयौं वामपन्थी घुस खाइरहेका छन् । कैयौं वामपन्थीले १ को सामान ५ देखि १० सम्ममा बेचेर दोकान चलाएर जनता ठगिरहेका छन् । कैयौं वामपन्थीहरु ठेकेदारसँग मिलेर लाखौं कुम्ल्याएका छन् । कसैले बोर्डिङ् स्कुल, प्राइभेट कलेज खोलेर अत्याधिक श्रम शोषण गरिरहेका छन् । कसैले हुनेको खानेको पक्षमा वकालत गरेर गरिब दबाउँछन् । कसैले २ नम्बरी र डुब्लिकेट धन्दा गरेर लाखौं करोडौं कमाएका छन् कोही आफूभन्दा ठूलाको चाकरी गर्ने र सानालाई दमन गर्ने गर्दछन् । निम्न पुँजीवादी चिन्तन र बुर्जुवा चरित्रले शासन जमाएको छ वामपन्थीहरुमा अहिलेको वामपन्थीहरु गाडी, घोडा, महल र ऐस आरामको निम्ति राजनीति गरेका पाउँछौं । कहाँको सर्वहारावादी चिन्तन, कहाँको सुखवादी ! वामपन्थी केशरजंग रायमाझी बिग्रेर राजावादी दामपन्थी भए । राधकृष्ण मैनालीजस्ता वामपन्थी बिग्रेर चरम दामपन्थी भए ।

यही मार्गमा हिंड्ने तमाम सुविधाभोगी वामपन्थीहरु निर्लज्ज समाजवाद बिर्सेर व्यक्तिवादको दलदलमा फस्दै धनसम्पत्तिमा मरिहत्ते गर्ने तर कम्युनिष्ट हूँ भन्न नछोड्ने कमरेडहरु वामपन्थी कि दामपन्थी ? अधिभूतवादी चिन्तनको ढंगले पुँजीवादको दलदलमा फसेका कम्युनिष्टहरु वामपन्थी कि दामपन्थी ? राजनीतिलाई नै सिंगो औद्योगिकरण गरी व्यापारको रुपमा ढालेर कमाउने धन्दा गर्ने नामधारी कमरेडहरु वामपन्थी कि दामपन्थी हुन ? रातारात दल त्याग्ने र बदल्ने गरेर चरम स्वार्थको थाल थाप्दै हिंड्नेहरु, डुल्नेहरु वामपन्थी कि दामपन्थी कि खामपन्थी कि हाम्मपन्थी ? लोकतन्त्रको भ्रम यहि हो !

# सेयर बजार ७.८६ अंकले घट्यो



काठमाडौं । बुधबार सेयर बजार ७.८६ अंक घटेको छ । सो गिरावटपछि नेप्से परिसूचक २६०६ अंकमा अडिएको छ । कारोबार रकम सामान्य घटेको छ ।

अघिल्लो दिन ३ अर्ब ७५ करोडको कारोबार भएकोमा बुधबार ३ अर्ब ७३ करोडको भयो । ७९ कम्पनीको मूल्य बढ्दा १६९ को घट्यो, ९ को स्थिर रह्यो ।

सबै सेक्टरका सूचक झरेका छन् । यद्यपि सबैको गिरावट दर १ प्रतिशतभन्दा कम रह्यो । बैंकिङ ०.०५, विकास बैंक ०.२९, फाइनान्स ०.५७, होटल तथा पर्यटन ०.१३, हाइड्रोपावर ०.६६, लगानी ०.३२, जीवन बिमा ०.२१, उत्पादन तथा प्रशोधन ०.४२, माइक्रोफाइनान्स ०.२९, निर्जीवन बिमा ०.३५, अन्य ०.३९ तथा व्यापार ०.०२ प्रतिशत घटे ।

तीन कम्पनीको मूल्य १० प्रतिशत बढ्यो । १० प्रतिशत बढेका कम्पनीमा स्वस्तिक लघुवित्त, मुक्तिनाथ कृषि कम्पनी र एसवाई प्यानल छन् । यीम( ध्ये एसवाई प्यानल बुधबारदेखि कारोबारमा आएको हो । त्यस्तै लक्ष्मी लघुवित्तको ८.७६, श्रीस्टार हाइड्रो पावरको ७.१४ प्रतिशत मूल्य बढ्यो ।

# जाडो याममा बढी देखिने कत्ले रोग के हो ?



प्रा. डा. अनुपमा कार्की

कत्ले रोग लागेका व्यक्तिहरु एक्जिमा वा दाद होला भन्ने सोच्छन् । कम चिलाउने र विस्तारै फैलिने हुँदा बिरामीहरु समयमै उपचार गराउन आउनुहुन्न । तर यो रोग एक्जिमा र दादभन्दा फरक छ । कत्ले रोगमा सेता बाक्ला कत्ला देखिन्छन् । यो किटाणुको कारण लाग्ने रोग होइन ।

कत्ले रोग छालामा हुने एक प्रकारको दीर्घ वा लामो समयसम्म रहने रोग हो । खासै नचिलाउने, हलुका रातो वा सेतो कत्ला-कत्ला देखिनु नै कत्ले रोग हो । यस्तो कत्ला कुहिना, घुँडा, टाउकोमा आउनसक्छ । कत्ले रोगले छाला, नङ र कपालमा असर गर्छ भने लामो समयमा हड्डीलाई समेत असर गर्नसक्छ । यो समस्या वयस्क व्यक्तिहरुमा नै बढी देखिएको पाइन्छ ।

सामान्यतया आनुवंशिक (जेनेटिक) कारणले नै कत्ले रोग देखिन सक्छ । तर कतिपयमा जेनेटिक कारण नभए पनि यो समस्या देखिनसक्छ ।

यो समस्या जाडोयाममा बढी देखिने गर्छ । मदिरा सेवन तथा धूमपान गर्ने, तनाव लिने र सुख्खा छाला भएका व्यक्तिमा यो समस्या बढ्ने गरेको पाइन्छ ।

यो छालाबाट नङमा फैलिएको अवस्थामा नङ बाक्लो हुने र नङको रङ परिवर्तन हुने लक्षण देखिन्छ । शरीरमा जस्तै टाउकोमा पनि यस्ता कत्लाहरु देखिन सक्छन् । कहिलेकाहीँ शरीरभर नै फैलिन सक्छन् ।

पछिल्ला अनुसन्धानले कत्ले रोगको समयमै उपचार नगर्दा अन्य समस्या पनि देखिनसक्ने देखाएको छ । कत्ले रोग लागेका व्यक्तिलाई 'सोरायटिक आर्थराइटिस' अर्थात् बाथ रोग पनि हुनसक्छ ।

यस्तै मोटोपनको समस्या भएका व्यक्तिलाई कत्ले रोग छ भने मधुमेह तथा मेटावोलिक सिन्ड्रोम र मुटुमा पनि समस्या हुनसक्ने भनिएको छ ।

**के छ उपचार ?**

कत्ले रोगको समयमै पूर्ण उपचार गरेमा निको पार्न सकिन्छ । तर निस्तेज पार्न भने सकिँदैन । निको भएको अवस्थामा पनि यो रोग फेरि बल्झिन सक्छ । त्यसैले यो रोगलाई क्रोनिक डिजिज पनि भनिन्छ ।

नर्भिक अस्पतालमा यो रोगका बिरामी एक महिनामा करिब दश जना आउनुहुन्छ ।

कत्ले रोगको समस्या भएमा छालारोग विशेषज्ञसँग परामर्श लिएर मात्र औषधि प्रयोग गर्नुपर्छ ।

हामीकहाँ आउने बिरामीको कत्ले रोगको अवस्था अनुसार रगत परीक्षण गराएर मात्र औषधि चलाउछौं। चिकित्सकको सल्लाहअनुसार उपचार सम्भव छ । कतिपय व्यक्तिहरु एक्जिमासँग दाँजेर अन्योलग्रस्त भएर बस्नुहुन्छ र, ढिला उपचारमा आउनुहुन्छ ।

रोगको सुरुवाती अवस्थामा मल्हम र मोस्चराइजर क्रि(मले पनि नियन्त्रण हुनसक्छ । तर, शरीरभर फैलिएमा रोगको अवस्था हेरेर खाने औषधि दिएर पनि उपचार गर्नुपर्ने हुन्छ ।

**फेरि लाग्न नदिन के गर्ने ?**

- लक्षण देखिएको छ छैन याद गर्ने
- शरीरलाई चिल्लो राख्ने
- धेरै तातो पानीले ननुहाउने
- धेरै कडा किसिमको साबुन वा स्याम्पुको प्रयोग नगर्ने ।

यो रोगले मानिसको मृत्यु नै त हुँदैन। तर यसले तपाईंको स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्नसक्छ ।

**कपालमा हुने चाँया र यसमा के फरक छ ?**

चाँया र कत्ले रोगको लक्षण फरक हुन्छ । चाँया टाउको भरि नै सेतो भएर आउँछ ।

तर कत्ले रोग लागेमा टाउकोमा ठाउँ-ठाउँमा कत्ला देखिन्छ । चाँयाको कारण कपाल झर्छ । तर कत्ले रोग लाग्दा कपाल झर्दैन । चाँया परेमा टाउको चिलाउने गर्छ, तर कत्ले रोगमा टाउको चिलाउँदैन ।

**कत्ले रोग एक्जिमा वा दाद होइन**

कत्ले रोग लागेका व्यक्तिहरु एक्जिमा वा दाद होला भन्ने सोच्छन् । कम चिलाउने र विस्तारै फैलिने हुँदा बिरामीहरु समयमै उपचार गराउन आउनुहुन्न ।

तर यो रोग एक्जिमा र दादभन्दा फरक छ । कत्ले रोगमा सेता बाक्ला कत्ला देखिन्छन् । यो किटाणुको कारण लाग्ने रोग होइन ।

स्वास्थ्य खबरबाट

# कृषि उपज बिक्री केन्द्रले किसान र उपभोक्तालाई सहज



घोराही । घोराही उप-महानगरपालिका-१५ अमृतटोलस्थित कृषि उपज बिक्री केन्द्र सञ्चालनमा ल्याएपछि कृषकाई उत्पादन बिक्री गर्न सहज भएको छ । केन्द्र सञ्चालनमा आएपछि बजारीकरणमा निकै सहज भएको किसानको भनाइ छ। उपभोक्ताले पनि सस्तो मूल्यमा कृषिजन्य उपज उपभोग गर्न पाएको बताएका छन् ।

जिल्लाका किसानले विगतमा आफ्नै हिसाबले, तरकारी, फलफूललगायत बेच्ने गरे पनि अहिले कृषि उपज केन्द्रमै ल्याउन थालेको स्थानीय सरिता खड्काले बताइन् । उनी हरेक दिन बिहान केन्द्रमै तरकारी खरिद गर्न आउँछिन् । "बाहिर तरकारी महंगो पर्छ, तर यहाँ ताजा र सस्तो दुवै पाइन्छ,", उनले भनिन्-"कृषि उपज केन्द्रले हामी जस्ता उपभोक्ता र दुःख गर्ने कृषकलाई सजिलो बनाइ दिएको छ।

घोराहीउप-महानगरपालिका-२ रामपुरका किसान अमर चौधरीले पनि अन्यत्रभन्दा केन्द्रमा सस्तोमा तरकारी पाइने बताउँछन् । चौधरीले अहिले १० कठ्ठा जग्गामा व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । बाहिरको मूल्यभन्दा केन्द्रमा ५/१० रुपैयाँ बढीमा बिक्री गर्ने गरेको उनको भनाइ छ।

सिजनमा तरकारीले मूल्य पायो भने मासिक ३५ हजार रुपैयाँ बढी आम्दानी गर्न सकिने उनी बताउँछन् । कृषि उपज बिक्री केन्द्रमा आफ्नो उत्पादन राम्रै बिक्री हुँदै आएको उनले जनाए । "आफूले फलाएको काउली, बन्दा, गोलभैंडा, साग, खुर्सानी बेच्न ल्याउने गरेको छु । ल्याएको जति सधैं बिक्री हुन्छ, कहिलेकाही मात्रै बच्ने गर्दछ ।"-चौधरीले भने ।

घोराही उप-महानगरपालिका-७ का सृजना चौधरी आफूले उत्पादन गरेको वस्तु बिक्री गर्न आउने गरेको बताइन् । धेरै खेती नभए पनि यस ठाउँमा बिक्री गर्न समस्या नभएको उनी बताउँछिन् । कृषि उपज केन्द्र सञ्चालनमा आएदेखि किसान र उपभोक्ता दुवैलाई सहज भएको उनको अनुभव रहेको छ।

उप-महानगरपालिकाले सञ्चालन गरेको यस केन्द्रमा किसानले हरेक दिन १५ रुपैयाँ शुल्क तिरेर गाउँबाट ल्याएको ताजा तरकारी बिक्रीका लागि राख्ने गर्छन्। घोराही उप-महानगरपालिका-१५ का वडाध्यक्ष रमेशकुमार पाण्डेले कृषि उपज बिक्री केन्द्र सञ्चालनमा ल्याएपछि ग्रामीण क्षेत्रका किसानलाई घरघरमै पुगेर तरकारी बिक्री गर्न समस्या भएकोमा अहिले भने सहज भएको बताउँछन् ।

# बागलुङमा धान उत्पादन बढ्यो

बागलुङ । यसवर्ष बागलुङमा धान उत्पादन बढेको छ । समयमा वर्षा हुँदा उत्पादन वृद्धि भएको कृषि ज्ञानकेन्द्रले जनाएको छ । गत वर्षको तुलनामा यसवर्ष ८४ दशमलव चार मेट्रिकटन धान उत्पादन भएको केन्द्रकी सूचना अधिकारी प्रतिभा शर्माले जानकारी दिइन् । अघिल्लो वर्ष २० हजार मेट्रिकटन धान उत्पादन भएको थियो । यसवर्ष २० हजार ७८४.४ मेट्रिकटन उत्पादन भएको छ।

अघिल्लो वर्ष रोपाइँ सकिएपछि धानमा जरा कुहिने रोग लाग्दा उत्पादनमा ह्रास आएको भन्दै यसपाली कम क्षति हुँदा उत्पादन केही परिणाममा बढेको शर्माले बत(इन् । बागलुङ धान उत्पादनमा आत्मनिर्भर छैन । यहाँका किसानले खुमल ४, जेठो बुढो, लुम्ले २, झिनुवा, खुमल ११, खुमल बासमती १०, मार्सी, जडन लगायतका जात लगाइएको खेती गर्दै आएको शर्मा बताउँछिन् । पछिल्लो समय आइब्रिड जातका धानखेती गर्न थालेको उनको भनाइ छ।

"धानखेतीतर्फ किसानको चासो बढी छ, अघिल्लो वर्षको तुलनामा यसवर्ष झण्डै १०० मेट्रिकटन धान बढी उत्पादन भएको छ, गत वर्षको तुलनामा यसवर्ष वर्षा पनि समयमै भयो, जरा कुहिने रोगले पनि कम क्षति गर्दा उत्पादन बढेको हो" शर्माले भनिन्-"किसानले धान खेतीलाई प्राथमिकता दिएको पाइन्छ, खेती गरेको क्षेत्रफलका हिसाबले उत्पादकत्व ठिकै हो।"

जिल्लाको पश्चिम गलकोट, रेशा, सिगाना, जैदी, छिस्तीलगायतका क्षेत्रमा बाहेक धेरै स्थानमा सिँचाइको व्यवस्था छैन। यसवर्ष धान भित्र्याउने समयमा ठूलो वर्षा भए पनि उत्पादन नघटेको गलकोट नगरपालिका-६ का किसान कृष्ण खत्रीले बताए।

अघिल्लो वर्षको तुलनामा तीन मुरी धान बढी उत्पादन भएको उनको भनाइ छ।

जैमिनी नगरपालिका-७ का नरेन्द्र पौडेलले गतवर्ष १३ मुरी धान उत्पादन भएको खेतमा यसवर्ष १६ मुरी फलेको बताए। गत वर्ष वर्षा ढिलो हुँदा सिँचाइमा गर्न नपाएको भन्दै यसवर्ष त्यस्तो समस्या नभएको उनले सुनाए।

बागलुङमा ४६ हजार १४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकोमा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा मात्र खेती हुँदै आएको छ। छ हजार एक सय ४८ हेक्टर क्षेत्रफलमा मात्र सिँचाइ सुविधा छ।

**सेजको...**

**उत्पादन बढ्दै, ६ महिनामा ४६ करोडको बिक्री**

विशेष आर्थिक क्षेत्र (सेज)बाट चालु आर्थिक वर्षको असोजसम्ममा ४६ करोडको सामान उत्पादन भएको छ । उत्पादित बस्तुमध्ये १७ हरोड ५३ लाखको भारत निर्यात भएको छ भने २८ करोड ४७ लाखको आन्तरिक बजारमा पठाइएको छ।

देशमा भएका रूग्ण तथा नेपाली बजारमा उत्पादन भएर पनि विदेशमा माग बढी भएका समानहरू उत्पादन गर्ने उद्योगहरूलाई प्रोत्साहन गर्नको लागि विशेष आर्थिक क्षेत्र ल्याएको हो । सेजमा सञ्चालित उद्योगले विगत ७ वर्षदेखि निर्यात पनि गरिरहेका छन् । भैरहवा सेजमा स्थापित उद्योगले २०७६ सालदेखि आफ्नो उत्पादन भारत निकासी गर्न सुरु गरेको हो। आर्थिक वर्ष २०७६/७७ मा २० करोड ४४ लाख रुपैयाँको कुल बिक्री गरेको सेजले २०७७/७८ मा १ अर्ब ३ करोड ५० लाख रुपैयाँको उत्पादन बिक्री गऱ्यो। ०७८/७९ मा ७२ करोड ९० लाख, ०७९/८० मा ८४ करोड १५ लाख र ०८०/८१ मा ९१ करोड ६० लाख रुपैयाँको बिक्री भएको छ । आर्थिक वर्ष ०८१/८२ मा बिक्री झन् उक्लिँदै १ अर्ब ८८ करोड ६६ लाख रुपैयाँ पुगेको छ । चालु आर्थिक वर्षको असोज मसान्तसम्म ४६ करोड रुपैयाँको कारोबार भएको छ।

## सैनामैना नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही

## बोलपत्र आव्हान सम्बन्धि सूचना

सूचना नं: NCB/१०/०८२।८३

प्रथम पटक प्रकाशित मितिः २०८२।०८।२५ गते

यस कार्यालयबाट आ.व. २०८२।०८३ का योजना अन्तर्गत विभिन्न सामुदायिक विद्यालयको गुणस्तर सुधारको लागि आइ.सि.टि. सामाग्री खरिद गरी वितरण कार्य गराउनु पर्ने भएकोले इजाजत प्राप्त आधिकारिक विक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ।

**शर्तहरुः**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) आन्तरिक राजश्व खातामा नगदै बुझाई नगदी रसीद वा कृषि बिकास वैकको खाता नं ०४१४२०१६५९९१५०११ मा जम्मा गरेको भौचर साथ नविकरण भएको फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आधिकारीक र अघिल्लो आ.ब. ०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी www.bolpatra.gov.np मार्फत बोलपत्र फारम भरी पेश गर्न सकिनेछ।

२. बोलपत्रदाताबाट विद्युतीय बोलपत्र मिति २०८२।०९।२८ गते दिनको १२:०० बजे सम्म पेश गरि सक्नुपर्नेछ। दर्ता भएका बोलपत्र सोही दिनको १:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन।

३. बोलपत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक पर्राहा शाखा मुर्गिया स्थित ग-३ धरौटी खाता ०४१४२०११४९२४४०१५ मा नगद जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको (कार्यको विवरण र ठेक्का नम्बर उल्लेख भएको) बिडबण्ड संलग्न गरीविद्युतीय बोलपत्र पेश गर्नुपर्नेछ।

४.बोलपत्रको डकुमेन्ट, शर्त,स्पेसीफिकेशन र परिमाण अनुसार बोलपत्रदाताले मालसामानको आधिकारीक क्याटलग, ब्रोसर लगाएतका कागजात समावेश गरि पेश गर्नुपर्ने छ।

५.प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ।

६.यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

**तपसिल**

| सि.नं | ठेक्का नं | कार्य विवरण र स्थान | ल.ई रकम (मु.अ कर सहित) | बोलपत्र जमानत (रु.) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | NCB/10/082-83 | Supply and Delivery of ICT Equipments for Community Schools of Sainamaina | १,६३,८२,००० | ४,८०,००० | ३००० |

प्रमुख प्रशासकिय अधिकृत

## श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह
रामग्राम १८,नवलपरासी (ब.सु.प.)

### परामर्श सेवाका लागि आशय पत्र (Expression of Interest) पेश गर्ने सम्बन्धी सूचना

प्रकाशन मितिः २०८२/०८/२५

यस समूहको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका वन व्यवस्थापन सम्बन्धि पल्ल्याउने तथा सुधार कटानर रुख नक्शांकन कार्यहरु परामर्शदाताबाट गर्नु पर्ने भएकाले वन सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले दर्ता भएका इच्छुक तथा योग्यता पुगेका फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशनका मितिले १५ दिनभित्र कार्यक्रमगत छुट्टाछुट्टै आशय पत्र (Expression of Interest) पेश गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र पेश हुन नआएका र रीत नपुगेका आशय पत्र उपर कुनै कारवाही गरीने छैन। संक्षिप्त सूची (Shortlist) मा समावेश भएका परामर्शदाता बाट मात्र प्राविधिक र आर्थीक प्रस्ताव माग गरिनेछ। आशयपत्र सम्बन्धि फर्मस् तथा फर्मेट समूहको सूचना पाटीबाट प्राप्त गर्न सकिने छ।

## छत्रकोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### सेवा करारमा नगर प्रहरी पदपूर्ति गर्ने सम्बन्धी सूचना !!!

( प्रथम पटक सूचना प्रकाशन मितिः२०८२/०८/२५)

छत्रकोट गाउँपालिकामा देहायका संख्यामा रिक्त रहेका नगर प्रहरी जवान पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका कागजात र राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं. | पद | आवश्यक संख्या | दरखास्त दस्तुर रु |
|---|---|---|---|---|
| १ | ४-२०८२।८३ | नगर प्रहरी जवान | २ जना | ३०० |

नोटः- आवश्यक योग्यता लगायतका थप विवरण कार्यालयको वेवसाइटमा राखिएको बेहोरा जानकारी गराइन्छ।

प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश सरकार
उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय
## जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय
भैरहवा, रुपन्देही

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सुचना प्रकाशित मिति : २०८२/०८/२५

यस कार्यालयबाट मिति २०८२/०६/३० मा मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलमा उल्लेखित ठेक्का नं. हरुको बोलपत्र सूचना अनुसार E–bidding प्रक्रियाबाट दर्ता भएका तपसिल बमोजिमका बोलपत्रहरु मुल्यांकनगर्दा निम्न फर्महरूको कुल कबोल अंक न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (भ्याट र एक्समेत) |
|---|---|---|---|
| १ | WRIDDORUP/NCB-01/2082-083 | Sainamaina Construction Pvt. Ltd. Sainamaina-07, Rupandehi | 1,93,99,590.77 |
| २ | WRIDDORUP/NCB-02/2082-083 | Gopi Nirman Sewa Pvt. Ltd, Rolpa-2, Rolpa | 1,97,21,176.02 |
| ३ | WRIDDORUP/NCB-03/2082-083 | Jansewa Construction,Butwal-08, Rupandehi | 2,09,85,455.87 |

डिभिजन प्रमुख

## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी(बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशनमिति : २०८२/०८/२५

यस कार्यालयबाट मिति २०८२/०८/१६ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना अनुसार मध्यविन्दु नगर पालिकाको तपशिलका निर्माण कार्य गर्न रित पुर्वक पेश हुन आएका बोलपत्रहरु खोली मुल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर र पि.यस सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | 01/NCB/MB/WORKS/2082/83, Madhyabindu-8 Chaurangi Dekhi Harabastar Dharapani Hudai Bahunikuna Sadak Istharuantti | Smrat-Rishika-GDS J.V., Khairahani, Chitwan | 31192129.70 | |

प्रमुख प्रशासकीय अधिकृत

### मध्यविन्दु नगरपालिका नवलपरासी (ब.सु.पू)द्धारा जारी गरिएको
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।।

**प्रथम पटक प्रकाशित मिति २०८२/०८/२४**

मालपोत कार्यालय कावासोती नवलपरासी (ब.सु.पू) को चलानी नं ३१८९ मिति २०८२/०८/१५ को प्राप्त पत्रानुसार जग्गा धनी पोष्ट बहादुर मल्लको नाउँमा दर्ता श्रेस्ता कायम रहेको साविक तम्सरिया ५/छ कि.नं. ५ क्षेत्रफल ०-१०-० को जग्गा धनि प्रमाण पूर्जा तत्कालिन तम्सरिया गा.वि.स.वडा नं ६ हाल मध्यविन्दु वडा नं ८ मा रहेको देवचुली साझा संस्था लि. च.नं.१५५ मिति २०४५/०८/९ को प्राप्त पत्रबाट जग्गा रोक्का देखिएको हुनाले उक्त जग्गा फुकुवा गर्नुपर्ने हो वा होईन खुलाई पठाई दिनुहुन भनि लेखि आएको हुनाले मध्यविन्दु नगरपालिकाको कार्यालय चोरमाराबाट च.न.११८४ मिति २०८२/०८/१५ मा वडा नं ९ को कार्यालयमा देवचुली साझा संस्था हाल अस्तित्वमा भए, नभएको सत्य तथ्य बुझी जग्गा धनी पूर्जा फुकुवा गरि दिदा पछिसम्म फरक पर्छ पर्दैन भनी पत्र पठाईएको र वडा कार्यालयको च.नं. ४९७ मिति २०८२/०८/२२ गतेको वडा सर्जमिन मुचुल्का र सिफारिस नगरपालिकामा दर्ता भई उक्त सिफारिस पत्र अनुसार पोष्ट बहादुर मल्ल ठकुरीलाई जग्गा धनी पूर्जा फुकुवा सिफारिस गरिदिनु भनि लेखि आएको हुनाले मध्यविन्दु ९ निवासी धन बहादुर मल्ल ठकुरीको नाती भीम बहादुर मल्ल ठकुरीको छोरा पोष्ट बहादुर मल्ल ठकुरीको नाउँमा दर्ता श्रेस्ता कायम रहेको साविक तमसरिया ५/छ कि.नं.५ क्षेत्रफल ०-१०-० को जग्गा धनी प्रमाण पूर्जाबाट बैंक तथा वित्तिय संस्था,सहकारी संस्था काहाँबाट कति पैसा ऋण लिएको थियो र लिएको भए तिर्नुपर्ने रकम चुक्ता भए नभएको आधिकारिक प्रमाण फेला नपरेको हुनाले हाल उक्त देवचुली साझा संस्था संचालनमा नरहेको र त्यसका संचालक समेत सम्पर्कमा नभएकोले पोष्ट बहादुर मल्ल ठकुरीसँग लिनुपर्ने रकम भएमा सम्बन्धित सरोकारवालाहरुलाई हकदावी सम्बन्धी आधिकारिक प्रमाण सहित सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र मध्यविन्दु नगरपालिकाको कार्यालय, वडा नं ९ को कार्यालय र वडा नं ८ को कार्यालयमा निवेदन पेश गर्नुहुन हक दावी सम्बन्धी सूचना प्रकाशन गरिएको छ । अन्यथा जग्गा धनी प्रमाण पूर्जा फुकुवाका लागि मालपोत कार्यालय कावासोतीमा सिफारिस गरिने व्यहोरा जानकारी गरिन्छ।

### श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.)बाट प्रकाशित
## हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना।

चिन्तामनी अहिरको नाति, सामी अहिरको छोरा जिल्ला नवलपरासी (ब.सु.प.), साविक गा.वि.स. बञ्जरिया वडा नं.-४ हाल परिवर्तित रामग्राम नगरपालिका, वार्ड नं. १५ बस्ने दुवर अहिरले ऐ. ऐ. को नाति, ऐ.ऐ. को साहिँलो छोरा एवम् मेरो साहिँलो दाजु नरेश यादवको नाउँमा श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी, साविक गा.वि.स. बञ्जरिया, वार्ड नं. ४ को कि.नं. १६५५, १६६६, १६५९ र १६३३ का ज.वि. क्रमशः ०-१-०, ०-१-५$^{1}$/२, ०-३-२$^{1}$/२ र ०-०-९$^{1}$/४ जग्गाहरू रहेकोमा निज जग्गाधनी दाजुको मिति २०८२/०६/२१ मा आफ्नै कालगतिबाट मृत्यु भएको र निजको अपुताली हक खाने एकमात्र नाम थाहा नभएको पत्नी निज साहिँलो दाजु नरेश यादवसँग विवाह हुने वित्तिकै कुनै हकवाला छोराछोरीको जायजन्म नभएकै अवस्थामा दोस्रो विवाह गरी अन्तै गएको र बाबु सामी अहिर तथा आमा सोमनी अहिरको पनि क्रमशः मिति २०५६/०६/१२ मा र २०३४/१२/०४ मा आफ्नै कालगतिबाट मृत्यु भएको हुँदा निज मृतक दाजुलाई जीवित छँदासम्म निजको पालनपोषण गर्ने, बिरामी हुँदा औषधी उपचार गर्ने र मृत्युपछिको काजकिरिया गर्ने तथा निज मृतकको ऋणधन व्यहोर्ने सम्पूर्ण काम म निजको कान्छा भाइ दुवर अहिरले गरी उक्त कित्ता जग्गाहरू हालसम्म मैले नै जोतभोग समेत गर्दै आइरहेको हुँदा निज मृतक जग्गाधनी साहिँला दाजु नरेश यादवको नाउँका माथि उल्लेखित कित्ता जग्गाहरू जेठो दाजु प्रहलाद यादव र काले अहिरको मञ्जुरीनामा/सहमतिले मेरो नाउँमा एकलौटी नामसारी गराइपाऊँ भनी श्री भूमिसुधार तथा मालपोत कार्यालय (ब.सु.प.), परासीमा पेश गरेको माग निवेदन सम्बन्धमा निवेदक दुवर अहिर, निज मृतकको दाजुहरू प्रहलाद यादव र काले अहिर समेत जना ३ (तीन) बाहेक मृतक जग्गाधनी नरेश यादवको नजिकको नाता पर्ने अन्य पत्नी, छोराछोरी लगायत अन्य कोही नजिकका हकवालाहरू भए, वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.), परासीमा सप्रमाण हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि जारी गरिएको छ, अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**रोल्पाली सुन्तला दाङमाः**

रोल्पा परिवर्तन गाउँपालिका-४ स्थित राङ्सीबाट रोल्पा पाछाबाङका व्यापारी कर्णबहादुर रोकाले ट्रकमार्फत् दाङको घोराही बजार ल्याएको सुन्तला बिक्रीका लागि 'ग्रेडिङ' गर्दै । रोकाका अनुसार घोराहीमा साना सुन्तला प्रतिकेजी रु ४५ र ठुला प्रतिकेजी रु १०० मा थोकमा बिक्री हुँदै आएको छ। तस्विरः कुलदीप न्यौपाने/ रासस

# गैरे प्रतिष्ठानमा रोयल इन्फिल्ड हन्टर ३५० को बिक्री सुरु



बुटवल । विश्वमा दुई पांग्रे सवारीसाधनमा सर्वाधिक लोकप्रिय मोटरसाइकल रोयल इन्फिल्डको हन्टर ३५० को बिक्री वितरण बुटवलमा सुरु भएको छ।

रोयल इन्फिल्डका मोटरसाइकलको बुटवल क्षेत्रको आधिकारिक बिक्रेता गैरे प्रतिष्ठान प्रालिले बुधबारदेखि बुटवलको कालिकानगरस्थित शो रुमबाट हन्टर ३५० मोटरसाइकलको बिक्री वितरणको शुभारम्भ गरेको हो ।

रोयल इन्फिल्डको हन्टर ३५० को बुधबार बिक्री वितरण शुभारम्भ गर्दै गैरे प्रतिष्ठान प्रालिका अध्यक्ष प्रेमराज गैरेले युवा पुस्तामा अति नै लोकप्रिय रोयल इन्फिल्डका मोटरसाईलकको नयाँ संस्करण हन्टर ३५० ले धेरैको मन जित्ने बताए । उनले नयाँ फिचर सहित विभिन्न कलरमा उपलब्ध हन्टर बाइक युवा पुस्ताले धेरै नै रुचाएको बाइक भएको बताए । कार्यक्रममा प्रतिष्ठानका प्रवन्ध निर्देशक प्रवेशराज गैरेले रोयल इन्फिल्ड हन्टरमा डवल च्यानल एबीएस, लिड हेडलाइट, इकोनोमिक डिजाईनले गर्दा ग्राहकको रोजाइमा परेको बताए।

उनले रोयल इन्फिल्डका अन्य मोटरसाईकलको तुलनामा हन्टर ३५० माइलेज बढी दिने बाइक रहेको बताए।

बीएस फाईभ सिस्टम रहेको हन्टरको विक्रि शुभारम्भकै दिनमा ६ वटा मोटरसाईकल बिक्री भइसकेको र अन्य १३ वटा हन्टर ३५० मोटरसाइकल बुकिङ भैसकेको उनले बताए। हन्टर ३५० को सिङगल टोनलाई ४ लाख ९४ हजार ९ सय र डवल टोनलाई ४ लाख ९९ हजार ९ सय मुल्य पर्ने प्रवन्ध निर्देशक गैरेले बताए ।

# सिद्धार्थ राजमार्ग स्तरोन्नति गरिंदै



**प्रकाश डोटेल**

*स्याङ्जा*

सिद्धार्थ राजमार्गको कुभिण्डेदेखि राम्दीसम्मको सडकखण्ड स्तरोन्नति गरिने भएको छ। पोखरा-बुटवल जोड्ने सिद्धार्थ राजमार्गको स्याङ्जा खण्डमा पर्ने झण्डै ८२ किलोमिटर दुरीको केभिण्डे-राम्दीस्थित सडकलाई स्तरोन्नती गरिने भएको हो।

गएको बर्खाले पुऱ्याएको क्षति र भारतीय सवारीसाधन चापले क्षतिग्रस्त सडक दुई महिनाभित्र स्तरोन्नति गरिने भएको छ। राजमार्गको कुभिण्डे-राम्दी खण्डमा हजारौं स्थानमा बनेका खाडलहरु तत्काल पुरेर कालोपत्रे गरिने भएको छ। राजमार्गलाई थप व्यवस्थित बनाउन सडक विभाग पोखराले भौतिक पूर्वाधार र अर्थ मन्त्रालयसँग समन्वय समेत गर्ने भएको छ।

स्याङ्जाका स्थानीयको चर्को दबाबपछि प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले समन्वय गरेसँगै राजमार्ग स्तरोन्नती गर्ने निर्णय भएको हो । भौतिक पूर्वाधार मन्त्रालयले विनियोजन गरेको हालको चार करोड बजेटबाट काम शुरु गर्ने अपुग हुने बजेट मन्त्रालयबाट रकामान्तरण गरेर भएपनि राजमार्ग थप स्तरोन्नती गरिने भएको छ। राजमार्गको स्तरोन्नतीसँगै स्याङ्जामा सडक विभागको सम्पर्क कार्यालय स्थापना गरिने भएको छ। राजमार्गमा बनेका खाडलले सवारीसाधन निर्वाध रुपमा सञ्चालन गर्न असहज बन्दै गएको छ। बर्खाको समयमा ठाउँठाउँमा गएको पहिरो, नालीको पानी र फोहोर सडकमा तथा खाडलबाट उड्ने धुलोले दुर्घटना बढाएको छ। राजमार्ग असुरक्षित बन्दै गएपछि आसपासका स्थानीयले मर्मत गर्न पटक-पटक विभागको ध्यानाकर्षण गराउदै आएका थिए।

'स्थानीय प्रशासन, सरोकारवाला निकाय र सडक विभाग पोखराको संयुक्त प्रयासबाट राजमार्गको कुभिण्डे-राम्दी सडकखण्डलाई तत्काल दुई महिनाभित्र स्तरोन्नती गर्ने सहमति भएको छ,' सडक विभाग पोखराका डिभिजन प्रमुख अमितकुमार शर्माले भने-'हालको अवस्थालाई स्तरोन्नतीसँगै राजमार्गलाई थप विस्तार गर्न आवश्यक समन्वय गरी बजेटको व्यवस्थापन गर्दै छौं ।' सरकारले बजेटको सुनिश्चितता गरेमा राजमार्ग थप विस्तारको काम छिट्टै हुने प्रमुख शर्माले बताए । देशभरका राष्ट्रिय राजमार्ग स्तरोन्नति भइरहँदा सिद्धार्थ राजमार्गको स्याङ्जाखण्ड सवारीसाधन गुडाउन अयोग्य बन्दै गएको छ । राजमार्गको बढ्दो दुरावस्थालाई ध्यानमा राखेर स्थानीयले प्रशासन कार्यालयमार्फत् राजमार्ग मर्मत गर्न सयौ पटक आग्रह गरेपछि पछिल्लो पटक बल्लतल्ल स्तरोन्नति गर्ने प्रयास भएको छ। राजमार्गको मर्मतका लागि सयौ पटक आग्रह गर्दासमेत विभागले अटेर गरेपछि राजमार्ग अवरुद्ध गर्नेसम्मको अन्तिम तयारीमा रहेकै समयमा तत्काल मर्मत गर्ने निर्णय भएको स्थानीय दिपक लम्सालले जनाए। तत्काल स्तरोन्नतिको काम अगाडि बढाएर राजमार्गको थप विस्तार हुने सुनिश्चित नभएसम्म जतिबेला पनि राजमार्ग अबरुद्ध बनाउने लम्सालले चेतावनी दिए।

पोखरादेखि स्याङ्जा-पाल्पा र बुटवल हुँदै भारतीय सिमा सुनौलि जोड्ने सिद्धार्थ राजमार्गको झण्डै १८० किलोमिटर सडक स्तरोन्नति गर्न गएको सरकारले बजेट व्यवस्थापन गरेका थियो । अन्य राजमार्गहरु विस्तार भईरहेका समयमा सिद्धार्थ राजमार्गको दुरावस्थाले स्थानीय सर्वसाधारण सरकारप्रति असन्तुष्ट बन्दै गएका छन्। स्थानीयले राजमार्गको स्तरोन्नतिसँगै थप विस्तारको काम अगाडी बढाउन माग गरेका छन्।

भारतीय सीमासँग जोडिएको सिद्धार्थ राजमार्ग तराई-पहाड जोड्ने सबैभन्दा सहज र छोटो राजमार्ग हो। सिद्धार्थ राजमार्गको समयमै विस्तार हुन सके यस क्षेत्रको पर्यटन विकासमा महत्वपूर्ण टेवा पुग्ने स्याङ्जाका प्रहरी प्रमुख एसपी दधीराम न्यौपानेले बताए। भारतीय धार्मिक पर्यटकलाई सुनौलि हुँदै पोखरा-मुक्तिनाथ र मुक्तिनाथ हुँदै पशुपति क्षेत्र पुऱ्याउन सके पर्यटन क्षेत्रबाटै नेपालको विकासमा ठूलो परिवर्तन ल्याउन सकिनेमा एसपी न्यौपानेले विश्वास जनाए।

# कफीखेतीमा जोड दिन पालिकालाई किसानको आग्रह

गुल्मी। यहाँ कफीखेतीको विस्तारका लागि स्थानीय पालिकाहरुले सहयोग गर्नुपर्ने भन्दै सरोकारवालाले चासो व्यक्त गरेका छन् । सरोकारवाला संस्थाद्वारा कफी कृषकसँग कफीखेती विस्तारका लागि गरिएको छलफल तथा अन्तर्क्रियामा कृषकले सहयोगको अपेक्षा गरेका हुन्। कफी विकास केन्द्र आपचौर, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम र कफी अनुसन्धान कार्यक्रमको संयुक्त आयोजनामा उक्त कार्यक्रम गरिएको थियो । कफी विकास केन्द्रमा गरिएको कार्यक्रममा जिल्लामा पछिल्लो समयमा किसानमा कफीखेतीमा आकर्षण बढ्दै जान थाले पनि आशातित रुपमा कफीका बगैंचा सुक्दै जान थालेको बताइएको छ।

कार्यक्रममा कफीविज्ञ तथा सरोकारवालाले कफी नेपालको महत्वपूर्ण नगदेवाली भएको औंल्याउँदै तीनै तहका सरकारले कफीखेतीमा लगानी बढाउनुपर्नेमा जोड दिएका थिए । जिल्लामा कफीको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी निकाय तथा कफी सहकारी भए पनि उनीहरुबिच आपसी समन्वयको अभाव रहेको स्थानीय रुद्र खरेलले बताए। कफीमा काम गर्ने कार्यालय धेरै हुँदा पनि कफीखेतीमा कृषकहरुको सहभागिता घट्दै जान थालेको खरेलको भनाइ थियो।

कफी अनुसन्धान कार्यक्रम बलेटक्सारका प्रमुख जनार्दन गौतमले विश्वमै स्वादका आधारमा नेपाली कफी सातौं स्थानमा पर्ने हुँदा नेपालको कफीको विश्व बजारमा राम्रो माग भएको जानकारी गराएका थिए। उनले बाँझो जमिनमा समेत कफीखेती गरेर राम्रो आम्दानी लिन सकिने हुँदा यस क्षेत्रमा किसानलाई थप प्रोत्साहित गर्नुपर्ने बताए।

जिल्ला समन्वय समितिका प्रमुख द्रोणबहादुर खत्रीले गुल्मीलाई चिनाउने मुख्य आधार कफी नै भएको भन्दै यसको व्यावसायिक उत्पादन र प्रवर्धनका लागि स्थानीयस्तरबाट नै सबै जागरुक हुनुपर्नेमा जोड दिए। कार्यक्रमका सहभागी कफी कृषकले कफीको व्यावसायिक उत्पादनका लागि स्थानीय पालिकाले कृषकलाई टिकाइ राख्ने वातावरण बनाउन बिरुवा, छहारी व्यवस्थापन र प्राविधिक विषयमा स्थानीय तहले अनुदानका थप कार्यक्रम अघि बढाउनुपर्ने सुझाव दिएका थिए।

किसानले प्रत्येक पालिकाले वार्षिक रुपमा कम्तीमा पाँच हजार कफीका बिरुवा रोपण कार्यक्रम अघि बढाउनुपर्ने, कफी उत्पादक कृषकले कफीखेतीमा देखिएका समस्या, प्राविधिक ज्ञान र बजार विस्तारसँगै ५० रोपनी जग्गामा कफी लगाउने कृषकलाई स्थानीय तहले प्रोत्साहनका प्याकेज अघि बढाउनुपर्ने धारणा राखेका थिए।

मुसिकोट नगरपालिकाका प्रमुख जीवलाल खरेल जीवनले मुसिकोट नगरपालिकाले कफी कृषकका लागि उपलब्ध गराउँदै आएको अनुदानमा वृद्धि गर्दै लगेको भन्दै आगामी दिनमा यसको विस्तारका लागि थप सहयोग गर्ने प्रतिबद्धता जनाए।

गुल्मीभित्र रहेका कफी किसानको सहभागिता रहेको उक्त कार्यक्रममा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका प्रमुख रमेश जैसवाल, कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धिताल, कफी विकास केन्द्र आपचौरका प्रमुख राहुल पाण्डेयले जिल्लामा कफीखेतीको वर्तमान अवस्था र यसका चुनौतीका बारेमा जानकारी गराएका थिए। नेपालमा कफी जननी जिल्ला गुल्मीमा अहिले २४१ हेक्टर क्षेत्रफलमा कफीखेती हुँदै आएको छ। जिल्लामा गत वर्ष ३० मेट्रिक टन कफी उत्पादन भएकामा आठ टन ग्रिनबिन मात्र तेस्रो मुलुकमा निर्यात भएको थियो। जिल्लामा एक हजार ८०० भन्दा बढी कृषक कफीखेतीमा आबद्ध बनेका छन्।

पछिल्लो समयमा गुल्मीमा कृषि ज्ञानकेन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कफी विकास केन्द्र, कफी अनुसन्धान कार्यक्रम, कफी सहकारी संस्थालगायत स्थानीय तहले समेत कफीखेतीको क्षेत्रमा काम गर्दै आइरहेका छन्।


## Binayi Tribeni Rural Municipality
### Office of The Rural Municipal Executive
**Dumkibas, Nawalparasi (East of BardaghatSusta)**
**Gandaki Province, Nepal**

## Invitation For Online Bids

First Date of publication: 2082/08/25 (11th, Dec, 2025)

1. Office of BinayiTribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount without VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 18/BTRM/ NCB/Works/ 2082-083 | Construction of Culvert at Kaligogdi and Kusunde | 19071293.65 | 484000 | 3000.00 | 2082/09/28 (12th, Jan, 2026) Before 12:00 | 90 Days | 2082/09/18 (2nd, Jan 2026) at 1:00 PM | 2082/09/28 (12th, Jan, 2026) After 1:00 | |
| 2 | 21/BTRM/ NCB/Works/ 2082-083 | Construction Works of Roads, Side Drains, Pipe Culverts, Compound Wall, paints and toilets at Various Locations of binayitribeni ward no. 6 & 7 | 12,994,187.62 | 350000 | 3000.00 | 2082/09/28 (12th, Jan, 2026) Before12:00 | 90 Days | 2082/09/18 (2nd, Jan 2026) at 1:00 PM | 2082/09/28 (12th, Jan, 2026) After 1:00 | |
| 3 | 22/BTRM/ NCB/Works/ 2082-083 | Construction of Culvert at Kaligogdi and Kusunde | 6397328.62 | 1,75,000 | 3000.00 | 2082/09/28 (12th, Jan, 2026) Before 12:00 | 90 Days | 2082/09/18 (2nd, Jan 2026) at 1:00 PM | 2082/09/28 (12th, Jan, 2026) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East )<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East)<br>Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com